स्थानीय सरकार
पाँचपोखरी थाङ्पाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थाङ्पालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्या:-२०८१/०८२
चलानी नं.

## स्तरबृद्धि सम्बन्धि सूचना ।

मिति: २०८१/०९/०१

प्रस्तुत विषयानुसार बागमती प्रदेशले जारी गरेको स्थानीय तहको सेवाको गठन तथा संचालन ऐन, २०७९ को दफा ३० को उपदफा (१) बमोजिम स्थानीय सेवाको पदमा कार्यरत कर्मचारीहरुको स्तरबृद्धि गर्ने कानूनी व्यवस्था बमोजिम यस गाउँपालिका अन्तर्गत नियुक्ति तथा सरुवा भई कार्यरत कर्मचारीहरुले स्तरबृद्धि प्रयोजनको लागि तपसिल बमोजिम कागजात सहित मिति २०८१ साल पौष मसान्त सम्ममा यस कार्यालको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन कार्यालयको मिति २०८१/०९/०१ को निर्णयानुसार सम्बन्धित सवै कर्मचारीहरुको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

तपसिल:-

- रितपूर्वकको निवेदन ।
- सुरु नियुक्ति पत्रको निवेदन ।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- पछिल्लो (पाँच) ५ आर्थिक बर्षको कार्यसम्पादन मुल्यांकन फाराम ।
- सरुवा तथा रमानाको प्रतिलिपि (सरुवा भई आएका कर्मचारीको लागि) ।
- समायोजन पत्र (कर्मचारी समायोजन ऐन २०७५, बमोजिम समायोजन भएका कर्मचारीहरुको लागि)।
- बढुवा, तह मिलान, तहबृद्धि भएको भएमा सो पत्रको प्रतिलिपि ।

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा, पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक ।(वेभसाईटमा प्रकाशन गर्नुहुन)।

Panchpokhari Thangpal Rural Municipality, Sindhupalchok , Bagamati Provience http://panchpokharithangpalmun.gov.np/
Email: ito.panchpokharithangpalmun@gmail.com, Tel: +9779851109808